चितवन जिल्लाको माडीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका माडी शाखामा आवद्द आफना ५० जना ग्राहक सहित कुल ५५ जनाको सहभागितामा २०७५ फाल्गुन १८ गते चितवन जिल्लाको माडी नगरपालिका वडा न. २ नया पर्सा स्थित अबिनास कटेजमा **"ग्राहक सदस्यहरुको लागि वित्तिय साक्षरता तालिम"** सम्पन्न गरेको छ। तालिमको सभाधक्ष्य यस शाखा बाट संचालनमा रहेको सेरुवा केन्द्र न. ४१ का सदस्य श्री कलावती महतो रहनु भएको थियो भने यस तालिमलाई यसै शाखाका केन्द्र परीचालक श्री बिष्णु प्रसाद पनेरुले संचालन गर्नु भएको थियो उपस्थित सम्पुर्णलाई यसै शाखाका केन्द्र परिचालक श्री भगवती चौधरीले स्वागत मन्तब्य संगै तालिमको औपचारिक शुरुवात गरीएको थियो । शाखाका शाखा प्रमुख श्री नबिन गुरुङले वित्तिय साक्षरता तालिम सम्बन्धी जानकारी साथै तालिमको उद्देश्य संस्थाको परिचय तथा बैंककले दिने बिभिन्न सेवा सुबिधा तथा वित्तिय साक्षरता बाट हुने फाइदाको बारेमा जानकारी गराउनु भएको थियो भने यसै शाखाका लेखापाल श्री नबिन शर्माले सहभागी सदस्यहरुलाई बचत तथा ब्याजदरको बारेमा जानकारी गराउदैं बचत गर्नाले हुने फाइदाको बारेमा जानकारी गराउनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका प्रमुखले बताएका थिए । तालिममा सहभागीहरुलाई

स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको भण्डारा शाखा कार्यालयका प्रमुखले प्रकाश पारेका थिए ।




यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरु, बचतको महत्व तथा संस्थाले प्रदान गरी रहेका सेवाहरु, कर्जा, बचत, बिमा तथा रेमिटन्स आदिको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको भण्डारा शाखाका शाखा प्रमुखले बताएका थिए ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौषमसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप



ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका भण्डारा शाखाका शाखा प्रमुख श्री बिष्णु ब. कुवरले जानकारी गराएका थिए ।

यसै गरी सहभागी सदस्यहरुबाट ५ जना सदस्य श्री बिष्णु महतो, श्री रेवती कुमारी चौधरी, श्री देबी कुमारी श्रेष्ठ, श्री सुकमाया बोट, श्री तिलाकुमारी महतोले वित्तिय साक्षरता तालिमबाट नयां कुरा जान्न पाएकोमा धेरै खुशी लागेको तथा बैंकले बेला बेलामा यस्तै साक्षरता तथा आयमुलक तालिम संचालन गरेमा सदस्यहरुलाई राम्रो रहने साथै अन्य प्रतिसप्रधा संस्थाको भन्दा बैंकले छुट्टै पहिचान बनाउन सकने कुराको जानकारी गराएका थिए ।

